जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

शुभ आरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ३०१ | २०८३ साल असार ०३ गते बुधवार | Wednesday-17-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

# जेष्ठ महिनामा बारामा १२५ अपराध दर्ता, १५ आत्महत्या र १२० सवारी दुर्घटना

*शु.आ. सम्बाददाता*
*कलैया, ०२ असार*

जिल्ला प्रहरी कार्यालय बाराले आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत जेष्ठ महिनाको प्रगति विवरण सार्वजनिक गरेको छ। सार्वजनिक तथ्याङ्क अनुसार जेष्ठ महिनाभर जिल्लामा विभिन्न प्रकृतिका १२५ वटा अपराधका मुद्दा दर्ता भएका छन् भने १५ जनाले आत्महत्या गरेका छन् । त्यस्तै १२० वटा सवारी दुर्घटनामा ४ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।




प्रहरीले सार्वजनिक गरेको विवरण अनुसार ज्यान सम्बन्धी, चोरी, सामाजिक अपराध, महिला तथा बालबालिका सम्बन्धी अपराध, आर्थिक अपराध लगायतका विभिन्न शीर्षकमा मुद्दा दर्ता भएका हुन् । जघन्य तथा गम्भीर अपराध अन्तर्गत १ वटा कर्तव्य ज्यान, १५ वटा बैंकिङ कसूर तथा अन्य मुद्दा दर्ता भएको उल्लेख गरिएको छ ।

जिल्लामा चालु मुद्दाका ६३ जना प्रतिवादी पक्राउ गरिएको प्रहरीले जनाएको छ । त्यस्तै फैसला कार्यान्वयनतर्फ ५७ जना फरार प्रतिवादी पक्राउ गरी १३ वर्ष २ महिना १३ दिन कैद तथा १८ लाख १५ हजार २५० रुपैयाँ जरिवाना असुल गरिएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी २५० उजुरी प्रहरीमा दर्ता भएका छन् । तीमध्ये १८ वर्ष मुनिका ३१ जना पीडित रहेका छन् भने १९ देखि २५ वर्ष उमेर समूहका ७९ जना पीडित रहेको तथ्याङ्कमा उल्लेख छ। घरेलु हिंसाका मात्रै ११४ उजुरी दर्ता भएका छन्, जसमध्ये ८७ वटा मिलापत्र गरिएको छ ।

हराएका तथा फेला परेका व्यक्तिहरूको विवरण अनुसार ३६ जना हराएको उजुरी परेकोमा २६ जना फेला परेका छन्। लागूऔषध नियन्त्रणतर्फ प्रहरीले १२९ किलोभन्दा बढी गाँजा तथा १७ ग्रामभन्दा बढी ब्राउन सुगर बरामद गरेको जनाएको छ। लागूऔषध मुद्दामा २० जना पक्राउ परेका छन् ।

सवारी दुर्घटनाको तथ्याङ्क पनि चिन्ताजनक देखिएको छ । जेष्ठ महिनामा १२० वटा दुर्घटनामा ४ जनाको मृत्यु तथा १६७ जना घाइते भएका छन् । दुर्घटनामा ११२ वटा सवारी साधन संलग्न रहेको प्रहरीको भनाइ छ। दुर्घटनाका प्रमुख कारणमा चालकको लापरवाही मुख्य रहेको विश्लेषण गरिएको छ ।

बाँकी तेश्रो पृष्ठमा

# 'सिमा नियन्त्रण गर्न खोजिए मधेशमा विद्रोह हुन्छ' : पूर्वमुख्यमन्त्री सोनल

*संजय तिवारी*
*बारा, ०२ असार*

जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता तथा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले भारतसँगको सीमामा सरकारले लागू गर्न खोजेको कडाइप्रति असन्तुष्टि जनाउँदै सीमा नियन्त्रणको प्रयास गरिए मधेशमा विद्रोह हुन सक्ने चेतावनी दिएका छन् ।




मिडिया काउन्सिल मधेश प्रदेशद्वारा मंगलबार बाराको कलैयामा आयोजित 'स्वच्छ, विश्वसनीय र मर्यादित पत्रकारिताका लागि आचारसंहिता' सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रममा बोल्दै उनले नेपाल-भारत सीमाको सामाजिक, सांस्कृतिक र पारिवारिक सम्बन्धलाई सरकारले बुझ्नुपर्ने बताए ।

"नेपाल र भारतबीचको खुला सीमाले दुई देशलाई मात्र होइन, सीमावर्ती जनताको जीवनशैलीलाई पनि जोडेको छ," सोनलले भने, "सिमानालाई व्यवस्थित गर्न सकिन्छ, तर नियन्त्रण गर्न खोजिए मधेशका जनता त्यसको प्रतिरोधमा उत्रिन सक्छन् ।"

उनले सरकारले भारतबाट १०० रुपैयाँभन्दा बढीका सामान ल्याउन नपाइने गरी लागू गरेको व्यवस्थालाई मधेशवासीले स्वीकार नगर्ने दाबी गरे । सीमावर्ती क्षेत्रमा सदियौँदेखि चल्दै आएको व्यापारिक तथा पारिवारिक सम्बन्धमा अवरोध सिर्जना गर्ने निर्णय सरकारकै लागि प्रतिउत्पादक हुने उनको भनाइ थियो ।

पूर्वमुख्यमन्त्री सोनलले केन्द्र सरकारले संवैधानिक निकायहरूलाई प्रभावित पार्न खोजेको आरोप समेत लगाए । निर्वाचन आयोगका पदाधिकारीहरूले आफ्नो संवैधानिक दायराभन्दा बाहिर गएर अभिव्यक्ति दिन थालेको उल्लेख गर्दै उनले स्वतन्त्र निकायमाथिको हस्तक्षेप रोक्न सरकारसँग माग गरे । कार्यक्रममा उनले स्वतन्त्र प्रेस लोकतन्त्रको आधार भएको उल्लेख गर्दै सञ्चार क्षेत्रलाई लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिनुपर्ने बताए । "निष्पक्ष र जिम्मेवार पत्रकारिता बिना लोकतन्त्र बलियो हुन सक्दैन," उनले भने ।

मिडिया काउन्सिल मधेश प्रदेश, जनकपुरधामको आयोजनामा कलैया उपमहानगरपालिका-४ स्थित सर्वोत्तम होटलमा सम्पन्न कार्यक्रममा बारा जिल्लाका सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । मिडिया काउन्सिल मधेश प्रदेशकी कार्यवाहक

बाँकी तेश्रो पृष्ठमा

# भ्रष्टाचार मुद्दामा छिपहरमाई गाउँपालिका अध्यक्षसहित पाँच जनाले पाए सफाइ

*राजन कुमार बानिया*
*पर्सा, ०२ असार*

भ्रष्टाचार मुद्दामा पर्साको छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज कुमार गुप्तासहित पाँच जनाले विशेष अदालतबाट सफाइ पाएका छन् । विशेष अदालतले मंगलबार फैसला सुनाउँदै गाउँपालिका अध्यक्ष गुप्ता, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्रप्रसाद साह, तत्कालीन लेखापाल संजय पटेल तथा वीरगंज स्थित केएस मल्टिपर्पोज प्रालिका सञ्चालक कमलकुमार उपाध्यायलाई आरोपबाट सफाइ दिएको हो ।




विशेष अदालतका प्रवक्ता कृष्णशरण छामिछानेका अनुसार न्यायाधीश नारायणप्रसाद पौडेल, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको संयुक्त इजलासले प्रमाणको मूल्यांकनपछि अभियोग पुष्टि हुन नसकेको ठहर गर्दै सबै प्रतिवादीलाई सफाइ दिएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत पुस २३ गते छिपहरमाई गाउँपालिकामा बोलपत्र आह्वानसम्बन्धी झुट्टा सूचना प्रकाशित गरी सरकारी रकम दुरुपयोग गरिएको आरोपमा विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । आयोगले गाउँपालिका अध्यक्ष, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, लेखापाल तथा सम्बन्धित विज्ञापन एजेन्सीविरुद्ध भ्रष्टाचार निवारण ऐनअन्तर्गत कारबाही माग गर्दै मुद्दा दायर गरेको थियो ।

आयोगका अनुसार आर्थिक वर्ष २०७९/०८० मा गाउँपालिकाले विभिन्न निर्माण कार्यका लागि ठेक्का आह्वान गर्दा राष्ट्रियस्तरको 'सौर्य दैनिक' पत्रिकामा सूचना प्रकाशित गरिएको देखाई भुक्तानी गरेको थियो । तर अनुसन्धानका क्रममा उल्लेखित मितिमा उक्त पत्रिकामा कुनै सूचना प्रकाशित नभएको दाबी अख्तियारले गरेको थियो ।

यद्यपि, विशेष अदालतले प्रस्तुत प्रमाण, कागजात तथा बहसको आधारमा आरोप पुष्टि हुने पर्याप्त आधार नदेखिएको निष्कर्ष निकाल्दै पाँच महिनापछि सबै प्रतिवादीलाई सफाइ दिएको हो ।

विशेष अदालतको फैसलासँगै छिपहरमाई गाउँपालिकासँग सम्बन्धित बहुचर्चित भ्रष्टाचार मुद्दा तत्कालका लागि टुंगिएको छ। यद्यपि, फैसलाको पूर्णपाठ सार्वजनिक भएपछि थप कानुनी प्रक्रिया अघि बढ्ने वा नबढ्ने विषय स्पष्ट हुने कानुन व्यवसायीहरू बताउँछन् ।

# बारा-पर्साबाट १ सय १३ किलोभन्दा बढी लागूऔषध सहित तिन जना पक्राउ

*शु.आ. सम्बाददाता*
*कलैया, ०२ असार*

बारा र पर्सा जिल्लामा प्रहरीले सञ्चालन गरेको विशेष चेकजाँच अभियानका क्रममा १ सय १३ किलोभन्दा बढी लागूऔषध गाँजा बरामद गरिएको छ । दुई छुट्टाछुट्टै घटनामा प्रहरीले तिन जनालाई पक्राउ गर्नुका साथै लागूऔषध ओसारपसारमा प्रयोग भएका सवारी साधनसमेत नियन्त्रणमा लिएको जनाएको छ ।



बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२२ अमलेखगञ्ज क्षेत्रमा गरिएको सवारी चेकजाँचका क्रममा ४ किलो ६ सय ग्राम गाँजासहित एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा सोही उपमहानगरपालिका-२२ चकरी निवासी ३० वर्षीय नाईस बाबु तामाङ रहेका छन् ।

इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट प्रहरी वरिष्ठ नायब निरीक्षक प्रकाशकुमार खत्रीको नेतृत्वमा खटिएको टोलीले झोलुङ्गे पुल नजिक चकरीबाट अमलेखगञ्जतर्फ आउँदै गरेको ना २ ह ११६० नम्बरको अटो रोकी चेकजाँच गरेको थियो । प्रहरीका अनुसार तामाङले बोकेको टाटेपाटे खैरो झोलाभित्र कालो प्लास्टिकले बेरिएका दुई वटा पोकामा गाँजा फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेका अनुसार बरामद गाँजा, अटो तथा पक्राउ परेका तामाङलाई नियन्त्रणमा लिई लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको छ ।

यता पर्सामा भने ठूलो परिमाणमा गाँजा ओसारपसार भइरहेको सूचनाको आधारमा प्रहरीले बोलेरो पिकअपसहित

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय...........

# ओरालो अर्थतन्त्र र युवा आशा

अर्थशास्त्री जोन मेनार्ड केन्सले विश्वासलाई अर्थतन्त्रको अदृश्य इन्जिन भनेका थिए । नेपालमा अहिले यही इन्जिन कमजोर छ । बजारमा विश्वास छैन । उद्यमीमा उत्साह छैन । युवामा आशा छैन । राज्यको भूमिका यहीनेर हुन्छ कि निजी क्षेत्रलाई विश्वासमा लिने, विश्वास जगाउने । युवामा आशा भर्ने । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ को १० महिनाको आर्थिक तथा वित्तीय प्रतिवेदन हेर्दा निराशा देखाउँछ । मुलुकसँग विदेशी विनिमय सञ्चिति ३७ खर्ब ४ अर्ब ५५ करोड रूपैयाँ पुगेको छ । सामान्यतया विभिन्न वस्तुको विदेश निर्यातले विदेशी मुद्रा कमाइ हुन्छ र विदेशी विनिमय सञ्चिति बलियो हुन्छ । नेपालको निर्यात त कमजोर छ । विदेश पुगेका युवाले पठाएको रेमिट्यान्सले नै देशको ढुकुटीमा विदेशी मुद्राको सञ्चिति बढाएको हो । रेमिट्यान्सकै कारण विदेशी वस्तु किन्दा बाहिरिने विदेशी मुद्रा र भित्रिने मुद्राको अवस्था अर्थात् शोधनान्तर स्थिति ८ खर्ब ६३ अर्ब रूपैयाँको बचतमा छ । केन्द्रीय बैंकले सामान्यतया आधा वर्षभन्दा बेसीलाई वस्तु तथा सेवा किन्न सक्ने क्षमताको विदेशी विनिमय सञ्चितिको लक्ष्य राख्छ । तर अहिले नेपालले डेढ वर्षभन्दा बढी समयलाई पुग्ने सामान वा सेवा किन्न सक्ने गरी विदेशी मुद्राको सञ्चिति गर्न सक्ने भएको छ । यो सुखद नै कुरा हो, किनभने नेपालको अर्थतन्त्र कमजोर हुँदाहुँदै पनि सन् २०२२ मा श्रीलंका झैं टाट पल्टिन सक्दैन । त्यहाँ विदेशी मुद्रा नभएकैले कागजसम्म किन्न नसक्ने अवस्था सिर्जना भएर विद्यार्थीका परीक्षासमेत रोक्नु परेको थियो । राष्ट्र बैंकको प्रतिवेदनले देखाएको अर्को यथार्थ भने सुखद छैन । जसरी नेपालको बाह्य अर्थतन्त्र सबल देखियो, भित्री अर्थतन्त्र भने कमजोर देखाउँछ प्रतिवेदनले । ब्यापार घाटा १४ खर्ब ४३ अर्ब ६८ करोड रूपैयाँ छ । कर्जा विस्तार ५.७ प्रतिशतमा सीमित रह्यो । अर्थात बैंकहरुमा दसौं खर्ब थुप्रिएको छ, तर ६ दशमलव ५७ प्रतिशतमा ब्याजदर आउँदा पनि कोही ऋण लिन तयार छैन । कोही ऋण लिन तयार छैन भन्नुको मतलब कोही ब्यापार, ब्यवसाय र उद्यम सुरु गर्न तत्पर छैन, विस्तार गर्न इच्छुक छैन । यस्तो अवस्थाले सूक्ष्म अर्थतन्त्र झन् कमजोर बन्छ । रोजगारी सिर्जना हुँदैन । राजस्व संकलनमा राज्यलाई लक्ष्य भेट्न मुस्किल पर्छ । सँगै महँगी बढेको छ । सर्वसाधारणले भान्छा महँगो अनुभव गरिसकेका छन् । बैंकहरुमा पैसा जम्मा हुने क्रम ८ दशमलव ४ प्रतिशतले वृद्धि छ । कर्जा विस्तार जम्मा ५.७ प्रतिशत छ । सरकारी ढुकुटी घाटामा छ । सरकारले १० महिनामा ११ खर्ब ७३ अर्ब ५२ करोड रूपैयाँ खर्च गर्दा राजस्व (कर) भने जम्मा ८ खर्ब ८८ अर्ब ५५ करोडमात्र उठाउन सकेको छ ।

लगानीकर्तामा आत्मविश्वास नबढ्नु नै कर्जा विस्तार नहुनु हो । देशमै केही गर्न सकिन्छ भन्ने विश्वास युवामा छैन, तसर्थ वैदेशिक रोजगारी ताकिरहेका छन् । यी सब कारण राष्ट्रिय उत्पादन कमजोर छ । परनिर्भरता बलियो छ । भन्न सकिन्छ, राष्ट्रिय अर्थतन्त्र खोक्रो छ । उद्यम ब्यवसायमैत्री ब्यवहार गर्ने र नीति पनि निर्माण गर्ने कार्य मूलतः सरकारको हो । तर निजी क्षेत्र आजको सरकारसँग त्रस्त छ । यही स्थिति रहे अर्थतन्त्र थप कमजोर भएर राज्य राजस्व संकलनमा असफल हुने र विकास निर्माण केही गर्न नसक्ने स्थितिमा पुग्छ । अर्थतन्त्र बुझेका अर्थमन्त्री र देशको अवस्था, युवा भावना बुझेको वालेन्द्र शाह नेतृत्वको सरकारले यो यथार्थलाई बुझेर वित्त ब्यवस्थापन गर्न जरूरी छ ।

# राज्यले बिर्सेका कारागारभित्रका नागरिक



वीणा झा

न्याय केवल कानुनी प्रक्रियामात्र होइन, सभ्य समाजको नैतिक आधारशिला पनि हो । कुनै पनि राज्यको वैधता नागरिकले न्याय प्रणालीप्रति राख्ने विश्वासमा निर्भर हुन्छ। न्याय समयमै प्राप्त भएन भने त्यो न्यायको अस्वीकार बराबर मानिन्छ ।

नेपालमा संविधान, कानुन र न्यायिक संरचनाले नागरिकलाई निष्पक्ष न्यायको प्रत्याभूति गरेको भए पनि व्यवहारमा न्याय सम्पादनमा हुने ढिलासुस्ती, अनुसन्धानको कमजोरी, प्रशासनिक त्रुटि, कानुन व्यवसायीहरूको भूमिका, सरकारी वकिल कार्यालयको अप्रभावकारी भूमिका तथा संस्थागत जवाफदेहिताको अभावका कारण हजारौं नागरिक आफूलाई राज्यले बिर्सेको पीडादायी अनुभूतिका साथ न्यायको प्रतीक्षामा कारागारभित्र जीवन बिताउन बाध्य छन् ।

समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा न्याय सम्पादनको समस्या केवल अदालतको मात्रै समस्या होइन; यो राज्य, समाज, प्रशासन, कानुन व्यवसायी, अनुसन्धान निकाय तथा राजनीतिक संस्कृतिसँग जोडिएको संरचनागत समस्या हो । नेपालमा न्याय ढिलो हुनुको सम्पूर्ण दोष सम्माननीय न्यायाधीशमाथि थोपर्ने प्रवृत्ति देखिए पनि वास्तविकता जटिल छ, यसका विविध पाटाबीचको समन्वय र जवाफदेहिताप्रति राज्यको निगरानी अभावले गर्दा समाजको न्यायप्रतिको विश्वास जोगाउन चुनौती छ।

न्याय र समाजशास्त्रीय दृष्टिकोण

संरचनावादी सिद्धान्तका अनुसार समाजका सबै संस्था, अदालत, प्रहरी, सरकारी वकिल, कारागार, कानुन व्यवसायी र प्रशासन एकअर्कासँग अन्तरसम्बन्धित हुन्छन् । कुनै एक निकायको कमजोरीले सम्पूर्ण प्रणाली प्रभावित हुन्छ र अन्ततः न्याय सम्पादनमै प्रभाव पर्छ ।

अर्कोतर्फ, द्वन्द्ववादी दृष्टिकोणले न्याय प्रणाली पनि शक्ति र स्रोतको असमान वितरणबाट प्रभावित हुने बताउँछ । आर्थिक, राजनीतिक वा सामाजिक रूपमा शक्तिशाली व्यक्तिहरूले न्यायिक प्रक्रियालाई आफ्नो पक्षमा मोड्न सक्ने सम्भावना बढी हुन्छ भने कमजोर वर्ग लामो समयसम्म न्यायको प्रतीक्षामा बस्न बाध्य हुन्छ । अमेरिकी समाजशास्त्री रबर्ट मर्टनले प्रस्तुत गरेको 'ब्युरोक्र्यासी डिस्फङ्सन'को अवधारणाअनुसार संस्थागत प्रक्रियाहरू अत्यधिक जटिल हुँदा तिनको मूल उद्देश्य नै हराउन सक्छ। नेपालको न्याय प्रणालीमा पनि प्रक्रिया नै परिणामभन्दा ठूलो बनेको देखिन्छ।

नेपालका अदालतहरूमा लाखौं मुद्दा विचाराधीन छन् । सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्म मुद्दाको चाप बढ्दो छ। तर यो समस्या केवल न्यायाधीशको संख्या वा अदालतको क्षमताको विषयमात्र होइन । फैसला ढिलो हुनुका प्रमुख कारणहरू केलाउने हो भने पहिलो त अनुसन्धानमा संवेदनशीलता अभाव, बारम्बार मुद्दा स्थगन, कारागारभित्र परेकाहरूको हकमा पक्ष-विपक्षको अनुपस्थिति, कानुन व्यवसायीको क्षमताभन्दा बढी मुद्दा लिने र अनावश्यक समय माग्ने प्रवृत्ति, सरकारी वकिलको अनुसन्धानको गहन अध्यन र विश्लेषणभन्दा पनि आरोपलाई प्रमाणित गर्नेप्रतिको मोह, फाँट र इजलासबीचको समन्वय अभाव र अदालत प्रशासनको निगरानीमा कमजोरी, कतिपय अवस्थामा मिडिया, सामाजिक सञ्जालको प्रभाव पनि समावेश छन् । नेपालमा एउटा सामान्य फौजदारी मुद्दा अन्तिम टुंगोमा पुग्न वर्षौं लाग्ने अवस्था छ । कतिपय मुद्दामा अभियुक्तले अन्तिम फैसला आउनुअघि नै सम्भावित सजायबराबरको वा त्योभन्दा पनि बढी समय पुर्पक्षका नाममा कारागारमा बिताइसकेका हुन्छन् ।

पुर्पक्षमा रहेका व्यक्तिहरूको स्वतन्त्रताको अदृश्य हनन

नेपालका कारागारहरूमा उल्लेख्य संख्यामा कैदीबन्दीहरू पुर्पक्षका लागि थुनामा रहेका छन् । कानुनी भाषामा उनीहरू 'आरोपी' हुन्, दोषी होइनन् तर व्यवहारमा उनीहरूले दोषीसरह जीवन बिताइरहेका हुन्छन् । समाजशास्त्रीय दृष्टिकोणले यसलाई 'पूर्वदण्डीकरण' भन्न सकिन्छ ।

कुनै व्यक्तिमाथि फौजदारी अभियोग लाग्दैमा उसको सामाजिक प्रतिष्ठा, पारिवारिक सम्बन्ध, आर्थिक अवस्था र मानसिक स्वास्थ्यमा गम्भीर असर पर्न थाल्छ। यदि पछि अदालतले निर्दोष ठहर गऱ्यो भने पनि उसले गुमाएको समय, प्रतिष्ठा र अवसरको क्षतिपूर्ति कसले गरिदिने ? यो प्रश्न सधैं अनुत्तरित रहने गरेको अवस्थामा समाजले यसप्रति सरकार गम्भीर बन्नु पर्छ भन्ने अपेक्षा बोकेको छ ।

अनुसन्धानको कमी, कमजोरीका कारण निर्दोषले सजाय पाएका विश्वभरि यस्ता थुप्रै उदाहरणहरू छन्, जसले न्याय प्रणालीलाई नै लज्जित तुल्याएको छ। अमेरिकामा 'एनथोनी ब्रोडवाटर' नामक व्यक्तिले बलात्कार अभियोगमा १६ वर्ष जेल जीवन बिताउनुपऱ्यो तर पछि अनुसन्धान र पहिचान प्रक्रियामा गम्भीर त्रुटि भएको पुष्टि भएपछि उनी निर्दोष प्रमाणित भए ।

त्यसैगरी अमेरिकाको 'द इनोसेन्स प्रोजेक्ट'ले डीएनए परीक्षणका आधारमा सयौं निर्दोष व्यक्तिहरूलाई जेलमुक्त गराएको छ । यसले अनुसन्धानको त्रुटिले निर्दोष मानिसहरूलाई वर्षौं जेल पुर्याउन सक्ने तथ्य उजागर गरेको छ । नेपालमा यस्ता तथ्यांक व्यवस्थित रूपमा उपलब्ध नभए पनि अनुसन्धान कमजोरीका कारण अन्ततः सफाइ पाएका व्यक्तिहरूको संख्या नगण्य छैन । अहिले पनि कारागारहरूमा हजारौंका संख्यामा पुर्पक्षमा बसेका नागरिकहरू न्याय पाउने पर्खाइमा बसेका भेटिन्छन् । फौजदारी न्याय प्रणालीको पहिलो ढोका अनुसन्धान हो। यदि अनुसन्धान त्रुटिपूर्ण भयो भने सम्पूर्ण न्याय प्रक्रिया नै प्रभावित हुन्छ जसको असर समाजमा न्याय प्रणालीप्रति अविश्वास, आक्रोश र घृणासम्म उत्पन्न हुने वातावरणको निर्माण गर्छ ।

नेपालमा कतिपय गम्भीर प्रकृतिका मुद्दाहरूमा :

- अनुमानका आधारमा पक्राउ
- दबाबमा बयान
- प्रमाण संकलनमा कमजोरी
- परिस्थितिजन्य प्रमाणको गलत व्याख्या
- वैज्ञानिक अनुसन्धानको अभाव

सरकारी वकिल कार्यालयको भूमिका र चुनौती

नेपालको न्याय प्रणालीमा सरकारी वकिल कार्यालय अनुसन्धान र अदालतबीचको महत्वपूर्ण कडी हो । तर व्यवहारमा :

- अनुसन्धानको प्रभावकारी निगरानी नहुनु
- कमजोर प्रमाणमा अभियोग दायर गर्नु
- अनुसन्धान चरणमै आवश्यक निर्देशन नदिनु
- अभियोजन रणनीतिमा कमजोरी

जस्ता समस्या देखिन्छन्। धेरै विकसित मुलुकहरूमा अभियोजन निकायले अनुसन्धान चरणदेखि सक्रिय भूमिका खेल्छ। उदाहरणका लागि, जर्मनीमा अभियोजन अधिकारीहरूले अनुसन्धानको प्रत्यक्ष निगरानी गर्छन् । पर्याप्त प्रमाण नभएसम्म मुद्दा अदालतमा लैजाने परिपाटी छैन । नेपालमा पनि यस्ता अभ्यासहरूलाई संस्थागत गर्न आवश्यक देखिन्छ।

अदालत प्रशासन, फाँट र इजलासबीचको समन्वय

न्याय सम्पादनमा हुने ढिलाइको अर्को कम चर्चा हुने कारण अदालत प्रशासन पनि हो। कुन फाँटमा कति मुद्दा छ, कुनै मुद्दाको पेसीमा अनावश्यक ढिलाइ त भएको छैन भन्ने निगरानी गरिएको भेटिँदैन । यसका साथै आदेश कार्यान्वयनमा ढिलाइ, अभिलेख व्यवस्थापन कमजोरी, सूचना प्रवाहमा समस्या र कर्मचारीको लापरबाहीजस्ता कारणले

मुद्दा अनावश्यक रूपमा लम्बिन्छ। फाँट, सरकारी वकिल, वादी/प्रतिवादीका वकिल र इजलासबीचको समन्वय अभावले कतिपय अवस्थामा न्यायाधीशले निर्णय गर्न चाहँदा पनि प्रक्रिया अगाडि बढ्न सक्दैन तर सार्वजनिक बहसमा यस्ता प्रशासनिक समस्याहरू ओझेलमा पर्छन् र सम्पूर्ण दोष न्यायाधीशलाई मात्र दिइन्छ । त्यसैगरी न्याय सम्पादनमा नेपाल बारको भूमिका

र जिम्मेवारी पनि कम महत्वपूर्ण छैन ।

नेपाल बारले :-

- पेसागत नैतिकता प्रवर्द्धनमा आवश्यक निर्देशन र निगरानी गर्ने
- अनावश्यक स्थगन रोक्ने
- न्यायिक सुधारमा दबाब सिर्जना गर्ने
- समयसमयमा कारागार भ्रमण र तथ्यांक अध्यन गर्ने
- निःशुल्क कानुनी सहायता विस्तार गर्ने

जस्ता क्षेत्रमा अझ सक्रिय भूमिका खेल्न सक्छ । कारागारभित्र रहेका हजारौं कैदीबन्दीहरू केवल कानुनी प्रक्रियाको हिस्सा होइनन्; उनीहरू सार्वभौम सत्ता सम्पन्न राष्ट्रका नागरिक हुन् ।

लामो समय पुर्पक्षमा रहँदा :

- परिवार विखण्डन हुन्छ
- बालबालिकाको शिक्षा प्रभावित हुन्छ
- आर्थिक स्रोत समाप्त हुन्छ
- मानसिक स्वास्थ्य बिग्रन्छ
- सामाजिक बहिष्करण बढ्छ

समाजशास्त्रीय रूपमा यसलाई 'कोलाटेरल कन्सिक्वेन्सेस अफ जस्टिस सिस्टम' भनिन्छ । दोषी प्रमाणित नभएका व्यक्तिहरूसमेत राज्यको सुस्त प्रक्रियाको मूल्य तिरिरहेका हुन्छन् ।

विश्वका केही सकारात्मक अभ्यास

नर्वेमा अनुसन्धान, अभियोजन र अदालतबीच उच्च समन्वय छ । मुद्दाको समयसीमा व्यवस्थापन कडाइका साथ लागू गरिन्छ। यूकेमा 'केस मेनेजमेन्ट सिस्टम' मार्फत न्यायाधीशले सुरुदेखि नै मुद्दाको समयरेखा तय गर्छन् । अनावश्यक स्थगनलाई निरुत्साहित गरिन्छ । क्यानडाको सर्वोच्च अदालतले अत्यधिक ढिलाइलाई संवैधानिक अधिकारको उल्लंघन मानेको छ । निश्चित समयभन्दा बढी ढिलाइ भएमा मुद्दा नै खारेज हुने अवस्था समेत आउन सक्छ । यी अभ्यासहरूले न्यायको गुणस्तरमात्र होइन, न्याय प्राप्तिको समयलाई पनि महत्व दिएको देखाउँछन् ।

नेपालको न्याय प्रणाली सुधारका लागि सम्भावित उपाय :

- अनुसन्धानको वैज्ञानिककरण
- सरकारी वकिलको सक्रिय निगरानी भूमिका
- पुर्पक्ष थुनालाई अन्तिम विकल्प बनाउने नीति
- अदालत प्रशासनको नियमित अडिट
- डिजिटल मिसिल व्यवस्थापन
- फाँट र इजलासबीच प्रभावकारी समन्वय
- बार र बेन्च दुवैको नैतिक उत्तरदायित्व सुनिश्चित
- मुद्दा स्थगनमा कडा मापदण्ड
- निर्दोष सावित भएका व्यक्तिहरूका लागि क्षतिपूर्ति व्यवस्था
- गलत अभियोग लगाउने र अभियोजकलाई कानुनी कार्यवाही
- कारागारमा रहेका पुर्पक्षका व्यक्तिहरूको नियमित समीक्षा प्रणाली

निष्कर्षमा भन्नुपर्दा

न्याय सम्पादनमा हुने ढिलासुस्ती नेपालको न्याय प्रणालीको मात्र समस्या होइन; यो राज्यको शासन क्षमता, संस्थागत संस्कृति, पेसागत नैतिकता र सामाजिक उत्तरदायित्वसँग जोडिएको गम्भीर प्रश्न हो। न्यायाधीश, अदालत प्रशासन, प्रहरी, सरकारी वकिल, कानुन व्यवसायी, राजनीतिक नेतृत्व तथा नागरिक समाज सबै पक्षको भूमिका र जिम्मेवारी छ ।

जब अनुसन्धान हचुवामा हुन्छ, अभियोजन कमजोर हुन्छ, प्रशासन निष्क्रिय हुन्छ, बार मौन हुन्छ र अदालतमाथि मात्र सम्पूर्ण दोष थोपारिन्छ, तब सबैभन्दा ठूलो मूल्य न्यायको प्रतीक्षामा रहेका नागरिकले चुकाउँछन् । कारागारका पर्खालभित्र वर्षौं बिताउने ती व्यक्तिहरू केवल मुद्दा नम्बर होइनन्; उनीहरू नागरिक हुन्, परिवारका सदस्य हुन्, सपनाहरू बोकेका जिउँदा मानिस हुन् ।

अन्ततः न्यायको उद्देश्य केवल फैसला सुनाउनु होइन, राज्यले आफ्ना ती नागरिकहरूलाई बिर्सेको छैन भन्ने अनुभूति समेत गराउन न्यायलाई समयमै, निष्पक्ष र मानवीय रूपमा उपलब्ध गराउनुपर्ने हुन्छ ।

समाजशास्त्री झा, अधिवक्ता हुन् ।

## विश्रामपुर गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

विश्रामपुर गाउँपालिकाको कार्यालय, विश्रामपुर, बारा

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

अन्तराष्ट्रिय समाचार

# जापानको ब्याजदर उच्च



***टोकियो-*** मध्यपूर्व युद्धका कारण बढ्दो मुद्रास्फीति, महँगो ऊर्जा आयात र कमजोर येनमाथिको दबावबीच बैंक अफ जापान (बीओजे) ले मङ्गलबार ब्याजदर बढाएर ३१ वर्षयताकै उच्च स्तरमा पुऱ्याएको छ । अमेरिका र इरानबीच युद्ध अन्त्य गर्ने सहमति भए पनि विश्व अर्थतन्त्रमा अनिश्चितता कायम रहेकाले जापानले मौद्रिक नीतिलाई थप कडा बनाएको हो ।

जापानको केन्द्रीय बैंकले आफ्नो प्रमुख नीतिगत ब्याजदर २५ आधार विन्दुले बढाएर १.० प्रतिशत पुऱ्याएको छ । यो सन् १९९५ पछिको उच्चतम स्तर हो भने डिसेम्बरयताको पहिलो वृद्धि पनि हो। विश्वको चौथो ठूलो अर्थतन्त्र जापानका लागि यो निर्णयलाई मुद्रास्फीति नियन्त्रण र मुद्रा स्थिरताको प्रयासका रूपमा हेरिएको छ।

मध्यपूर्वमा तीन महिनासम्म चलेको द्वन्द्वले विश्वव्यापी ऊर्जा बजारमा ठूलो असर पारेको थियो । युद्धका कारण तेलको मूल्य बढ्दा धेरै देशमा महँगी चुलिएको छ । यही पृष्ठभूमिमा गत साता युरोपेली केन्द्रीय बैंक र इन्डोनेसियाको केन्द्रीय बैंकले पनि ब्याजदर बढाएका थिए । अमेरिकामा मुद्रास्फीति तीन वर्षयताकै उच्च स्तरमा पुगेपछि अमेरिकी फेडरल रिजर्भले पनि आगामी दिनमा ब्याजदर वृद्धि गर्न सक्ने अनुमान बढेको छ।

यद्यपि नयाँ नेतृत्वमा रहेको फेडले यस साताको बैठकमा तत्काल निर्णय गर्ने अपेक्षा गरिएको छैन । अस्ट्रेलियाको रिजर्भ बैंकले यस वर्ष तीन पटक ब्याजदर बढाइसकेको छ भने बैंक अफ इङ्गल्यान्डले पनि आगामी दिनमा कडा मौद्रिक नीति अपनाउन सक्ने विश्लेषण गरिएको छ। संयुक्त राज्य अमेरिका र इरानले सप्ताहन्तमा तीन महिना लामो मध्यपूर्व युद्ध अन्त्य गर्ने र हर्मुज जलघाँटी पुनः सञ्चालन गर्ने सहमति गरेका थिए ।

विश्वको करिब पाँचौँ भाग तेल आपूर्ति यही मार्गबाट हुने भएकाले उक्त सम्झौतालाई विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ । स्विट्जरल्यान्डमा शुक्रबार औपचारिक हस्ताक्षर हुने तय भए पनि विश्व व्यापार र आपूर्ति शृङ्खला सामान्य अवस्थामा फर्किन समय लाग्न सक्ने अनुमान गरिएको छ । फेब्रुअरी २८ मा युद्ध सुरु हुनुअघि जापान आफ्नो कच्चा तेल आवश्यकताको करिब ९० प्रतिशत मध्यपूर्वबाट आयातमा निर्भर थियो । तेलको मूल्यवृद्धि र जापान तथा अमेरिकाबीचको ब्याजदर अन्तरले येनमाथि थप दबाब सिर्जना गरेको छ ।

गत महिना येन अमेरिकी डलरको तुलनामा १६० को स्तरमा झरेपछि जापान सरकारले मुद्रा स्थिर राख्न करिब ११७ खर्ब येन अर्थात् करिब ७२ अर्ब डलर खर्च गरेको थियो । मङ्गलबारको निर्णयपछि येन केही बलियो बने पनि त्यसको अधिकांश लाभ टिक्न सकेन । अक्सफोर्ड इकोनोमिक्सका जापान प्रमुख अर्थशास्त्री सिगेटो नागाईले बैंक अफ जापानले नीतिगत दर वृद्धि गर्न थप ढिलाइ गर्न नसक्ने बताएका थिए।

उनका अनुसार ढिलाइ भए वित्तीय बजार निराश हुन सक्थ्यो र येनको थप अवमूल्यन हुन सक्थ्यो। बैंक अफ जापानका गभर्नर काजुओ उएडा अस्पतालमा रहेका कारण उप-गभर्नर शिनिची उचिडाले निर्णयपछि सञ्चारमाध्यमलाई सम्बोधन गर्ने कार्यक्रम तय गरिएको थियो। बीएनपी परिबासका प्रमुख अर्थशास्त्री रयुतारो कोनोका अनुसार जापानको आर्थिक जोखिम केही घटेको छ र आधारभूत मुद्रास्फीति अझ बढ्न सक्ने सङ्केत देखिएको छ। पेट्रोलियम तथा ऊर्जामा सरकारी अनुदानका कारण घरेलु माग पनि तुलनात्मक रूपमा मजबुत रहेको उनको भनाइ छ । यद्यपि अत्यधिक आक्रामक रूपमा ब्याजदर बढाउँदा प्रधानमन्त्री साने ताकाइची नेतृत्वको सरकारसँग मतभेद उत्पन्न हुन सक्ने विश्लेषण पनि गरिएको छ। यसबीच बीओजेभित्रै पनि मतभेद देखिएको छ । अघिल्लो बैठकमा नौ सदस्यीय बोर्डका तीन सदस्यले ब्याजदर यथावत् राख्ने निर्णयको विपक्षमा मतदान गरेका थिए । अब लगानीकर्ता र बजारको ध्यान बैंक अफ जापानले आगामी महिनाहरूमा पुनः ब्याजदर बढाउने सङ्केत दिन्छ कि दिँदैन भन्नेमा केन्द्रित छ। साथै, उधारो लागत कम राख्न सञ्चालन गरिरहेको विशाल बन्ड खरिद कार्यक्रमबारे बैंकको आगामी रणनीति पनि चासोको विषय बनेको छ ।

## जेष्ठ.................

राजश्व चुहावट तथा भन्सार छली नियन्त्रणतर्फ २६ लाख २३ हजार ७ सय रुपैयाँ बराबरका सामान बरामद गरिएको प्रहरीले जनाएको छ । यस सम्बन्धमा २ जना पक्राउ परेका छन् । विपद् व्यवस्थापनतर्फ आगलागी, हावाहुरी, चट्याङ, करेन्ट लाग्ने लगायत ६९ वटा घटनामा प्रहरी परिचालन गरिएको थियो । ती घटनाबाट ६ करोड १८ लाख ७० हजार रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।

प्रहरीले अपराध न्यूनीकरणका लागि दिवा तथा रात्री गस्ती, सशस्त्र प्रहरीसँग संयुक्त गस्ती, ट्राफिक सचेतना, समुदाय केन्द्रित कार्यक्रम, सीसीटीभी निगरानी तथा पूर्व अपराधीमाथि सूचना संकलनजस्ता गतिविधि सञ्चालन गरिएको जनाएको छ । जिल्ला प्रहरी कार्यालय बाराले समुदाय र विद्यालय केन्द्रित ९९ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको जनाएको छ। लागूऔषध, महिला हिंसा, बालविवाह, साइबर अपराध, जातीय विभेद तथा ट्राफिक सचेतनासम्बन्धी कार्यक्रममा ३ हजार १ सय ८० जना लाभान्वित भएका छन् ।

प्रहरीका अनुसार जेष्ठ महिनाभर हटलाइन नम्बरमा ३१६ तथा डिएसपी सम्पर्क नम्बरमा ३४५ कल प्राप्त भएका छन् । त्यस्तै नागरिकता तथा अन्य कागजातका लागि १ हजार ९१४ वटा मुचुल्का तयार गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराले सार्वजनिक गरेको तथ्याङ्कले जिल्लामा अपराध, घरेलु हिंसा, आत्महत्या तथा सवारी दुर्घटनाको अवस्था चुनौतीपूर्ण रहे पनि नियन्त्रण र न्यूनीकरणका लागि प्रहरी सक्रिय रूपमा परिचालित रहेको देखाएको छ ।

## सिमा.............

अध्यक्ष बन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष धर्मेन्द्र झाले पत्रकारिता आचारसंहिता, डिजिटल युगमा सञ्चार चुनौती, व्यावसायिक नैतिकता तथा तथ्यमा आधारित समाचार सम्प्रेषणबारे प्रशिक्षण दिएका थिए ।

प्रशिक्षक झाले पत्रकारहरूले अफवाह र अपुष्ट सूचनाबाट टाढा रहँदै सामाजिक सञ्जाल प्रयोग गर्दा समेत पेशागत मर्यादा कायम गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा सहभागी पत्रकारहरूले यस्ता अभिमुखीकरण कार्यक्रमले पत्रकारितालाई थप जिम्मेवार, विश्वसनीय र व्यावसायिक बनाउन सहयोग पुग्ने धारणा व्यक्त गरेका थिए ।

कार्यक्रमको सञ्चालन मिडिया काउन्सिलका प्रशासकीय अधिकृत ओमबिक्रम कटुवालले गरेका थिए ।

## लागूऔषध.....

दुई जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वीरगञ्ज महानगरपालिका-२१ स्थित ड्राइपोर्ट-परवानीपुर सडकखण्डमा इलाका प्रहरी कार्यालय पोखरिया र वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको संयुक्त टोलीले पथलैयाबाट वीरगञ्जतर्फ आउँदै गरेको बा १९ च ५७३८ नम्बरको बोलेरो पिकअप रोकी खानतलासी गरेको थियो ।

खानतलासीका क्रममा गाडीको पछाडिको भागमा त्रिपालले छोपी प्लास्टिकले बेरिएका ८ वटा पोकाभित्र १ सय ९ किलो गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ। उक्त घटनामा सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-२ निवासी ३० वर्षीय सुभाष थामी र २८ वर्षीय छत्रबहादुर थामी पक्राउ परेका छन्। पक्राउ परेकामध्ये सुभाष थामी बोलेरो चालक रहेको प्रहरीले जनाएको छ । पर्सा प्रहरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार बरामद गाँजा र बोलेरो पिकअपसहित दुवै जनालाई नियन्त्रणमा राखी थप अनुसन्धान अघि बढाइएको छ । पछिल्लो समय मधेश प्रदेशका बारा-पर्सा क्षेत्र लागूऔषध ओसारपसारको ट्रान्जिट बन्दै गएको आशंकाबीच प्रहरीले सीमावर्ती क्षेत्र, राजमार्ग तथा संवेदनशील नाकाहरूमा निगरानी तथा सवारी चेकजाँच कडा बनाएको छ । प्रहरीको सक्रियतासँगै ठूलो परिमाणमा लागूऔषध बरामद हुने क्रम बढिरहेको छ ।

## वडा अध्यक्ष.....

ढलान निर्माण कार्य भइरहेको वडा कार्यालयले जनाएको छ।

वडा अध्यक्ष जमालुदिनले वडालाई पूर्वाधारको दृष्टिले नमुना वडा बनाउने लक्ष्यका साथ विकास निर्माणका काम अघि बढाइएको बताए । उनले कृषि सडक निर्माणलाई आगामी दिनमा विशेष प्राथमिकतामा राखिने उल्लेख गरे ।

“वडावासीको आवश्यकता र मागलाई मध्यनजर गर्दै योजनाहरू छनोट गरी कार्यान्वयन गरिरहेका छौं । कृषि उत्पादन ढुवानी सहज बनाउन कृषि सडक निर्माणमा विशेष ध्यान दिनेछौं,” वडा अध्यक्ष जमालुदिनले भने ।

स्थानीयवासीहरूले वडामा भइरहेको विकास निर्माणका कामप्रति खुसी व्यक्त गर्दै यस्ता योजनाले गाउँको स्वरूप परिवर्तन हुँदै गएको प्रतिक्रिया दिएका छन् । वडा नम्बर ५ मा जारी विकास निर्माणले समग्र वडाको पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।


**जनहितमा जारी जरुरी सूचना**

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरूद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्य कारणबाट सडक तथा संरचनाहरू अवरूद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।

**पूर्वाधार विकास कार्यालय, बारा**



**देवताल गाउँपालिका**
**पिप्राढीगोढ, बारा**

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत






**विश्रामपुर गाउँपालिका**
**विश्रामपुर, बारा**

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत



**प्रधान कार्यालय मनकामनामार्ग, काठमाण्डौ, नेपाल**
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बिमालेखका बिमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुदाँ उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रिय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दावीदर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | बीमालेख नम्बर | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI0510003619 | बिबेक कुमार यादव 9810698787 | बलरा नगरपालिका ०९ टोल अचलगढ , सर्लाही |



**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् । सम्पर्क नम्बर : ९८४५२२६३०५**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# देवताल गाउँपालिका पुर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा

***शु.आ. सम्बाददाता***
***कलैया, ०२ असार***

बाराको देवताल गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिकाका रूपमा घोषणा गरिएको छ । गाउँपालिकाको स्वास्थ्य शाखा, पिप्राढी गोटको आयोजनामा मंगलबार गाउँपालिकाको सभा हलमा घोषणा समारोह सम्पन्न भएको हो ।

"पूर्ण खोप, सुरक्षित भविष्य" भन्ने मूल नारासहित आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष उदयप्रसाद यादवको अध्यक्षतामा विभिन्न जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष ललन कुमार यादव, वडा नं. ६ का वडा अध्यक्ष संजय कुमार पटेल, स्वास्थ्य शाखा प्रमुख लगायत विभिन्न वडाका जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीहरूको उपस्थिति रहेको थियो । समारोहलाई सम्बोधन गर्दै वक्ताहरूले बालबालिकालाई समयमै पूर्ण खोप लगाई स्वस्थ समाज निर्माण गर्नु सबैको साझा जिम्मेवारी भएको बताएका थिए । उनीहरूले पूर्ण खोप सुनिश्चितता तथा दिगोपना अभियानलाई सफल बनाउन स्वास्थ्यकर्मी, जनप्रतिनिधि र समुदायको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे । कार्यक्रममा गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा प्राप्त उपलब्धिलाई थप सुदृढ बनाउँदै आगामी दिनमा पनि खोप अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिएको थियो । साथै, बालबालिकाको स्वास्थ्य सुरक्षाका लागि अभिभावकलाई सचेत र जिम्मेवार बन्न आग्रह गरिएको थियो । गाउँपालिकाका अनुसार सबै लक्षित बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार पूर्ण खोप प्राप्त गरेपछि देवताल गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको हो ।

# छतबाट लडेर कोल्हवीमा एक जनाको मृत्यु

***शु.आ. सम्बाददाता***
***कलैया, ०२ असार***




कलैया, बारा । बाराको कोल्हवी नगरपालिका-३ जुगुवा टोलमा घरको छतबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ५० वर्षीय सोभालाल चौधरी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार सोमबार राति करिब १:३० बजे चौधरी आफ्नै एकतले पक्की घरको छतमा पिसाब फेर्ने क्रममा अचानक लडेर गम्भीर घाइते भएका थिए । लड्दा उनको टाउको तथा मुखमा गम्भीर चोट लागेको प्रहरीले जनाएको छ ।

घाइते चौधरीलाई तत्काल उपचारका लागि कोल्हवीस्थित तामागढी अस्पताल लगिएको थियो । त्यहाँ सामान्य उपचारपछि थप उपचारका लागि परवानीपुरस्थित एलएस न्युरो अस्पताल रेफर गरिएको प्रहरीले जनाएको छ ।

उपचारकै क्रममा मंगलबार बिहान करिब ४:४५ बजे उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेले जानकारी दिए ।

अस्पतालबाट बिहान ४:५५ बजे इलाका प्रहरी कार्यालय कोल्हवीलाई घटनाबारे जानकारी प्राप्त भएपछि प्रहरी सहायक निरीक्षक कलम नारायण यादवको नेतृत्वमा टोली घटनास्थल तथा अस्पताल पुगेको थियो । प्रहरीले घटनाबारे थप अनुसन्धान तथा आवश्यक बुझ्ने कार्य भइरहेको जनाएको छ ।

# ज्ञान वाटिकामा ३० विद्यार्थीलाई छात्रवृत्ति

***हरिकिशोर शर्मा***
***पर्सा, ०२ असार***




पर्साको ठोरी गाउँपालिका-५ सुवर्णपुरस्थित ज्ञान वाटिका माध्यमिक विद्यालयमा मंगलबार छात्रवृत्ति वितरण कार्यक्रम सम्पन्न भएको छ । पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतको सुनाखरी उपभोक्ता समितिको आयोजनामा ३० जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको हो ।

सामुदायिक विद्यालयमा अध्ययनरत जेहेन्दार, दलित, वन्यजन्तुबाट पीडित तथा अभिभावकविहीन विद्यार्थीलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको सहयोगमा जनही १ हजार ५ सय रुपैयाँका दरले छात्रवृत्ति वितरण गरिएको समितिका सचिव जीवन श्रेष्ठले जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले सुनाखरी उपभोक्ता समितिले शिक्षा र संरक्षण क्षेत्रमा खेलेको भूमिकाको प्रशंसा गरे । उनले पर्सामा पाँच वटा मध्यवर्ती उपभोक्ता समिति रहे पनि सुनाखरी समितिले शिक्षा क्षेत्रमा देखाएको सक्रियता उदाहरणीय रहेको उल्लेख गर्दै अन्य समितिले पनि यसबाट सिक्नुपर्ने बताए ।

सुनाखरी उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाखिनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा सदस्य निशा खड्का, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रबहादुर नेवार, प्रधानाध्यापक बिर्जु चौधरी, पर्सा राष्ट्रिय निकुञ्जका प्रतिनिधि, अभिभावक, शिक्षक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

समितिले विगतदेखि विद्यालयमा सामाजिक तथा शैक्षिक सहयोगका कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । आर्थिक रूपमा कमजोर तथा विशेष परिस्थितिका विद्यार्थीलाई राहत पुग्ने उद्देश्यले आगामी असारको तेस्रो सातातिर दोस्रो चरणको छात्रवृत्ति वितरण गरिने तथा ठोरी-५ चमरीटोलस्थित प्राथमिक विद्यालयका सम्पूर्ण विद्यार्थीलाई हाउस ड्रेस वितरण गरिने जानकारी समेत समितिले दिएको छ ।


## फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा


# रौतहटमा टिपरको ठक्करबाट एक युवकको घटनास्थलमै मृत्यु, अर्का एक गम्भीर घाइते

शु.आ. सम्बाददाता
रौतहट, ०२ असार




रौतहटको गडास्थित चिनीमिल नजिकै मंगलबार दिउँसो करिब ४ बजे भएको भीषण सडक दुर्घटनामा परी एक जनाको ज्यान गएको छ भने अन्य एक जना गम्भीर घाइते भएका छन् ।

प्रहरीका अनुसार मंगलबार दिउँसो करिब ४ बजे ढुङ्गा-गिटी बोकेर गुडिरहेको मधेश प्रदेश ०३-००१ क २५१६ नम्बरको टिपरले विपरीत दिशाबाट आउँदै गरेको ना २८ प ७२५९ नम्बरको मोटरसाइकललाई गडा चिनीमिल नजिकै तीव्र गतिमा ठक्कर दिएको थियो ।

उक्त दुर्घटनामा मोटरसाइकल चालक कटहरिया नगरपालिका-६ फतेपुर निवासी २० वर्षीय शेख स्वयलको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय गडाले जनाए । सोही दुर्घटनामा मोटरसाइकलको पछाडि सवार मृतकका मामा २२ वर्षीय शेख आशिक गम्भीर घाइते भएका छन् । घाइते आशिकको टाउको र शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको र उनको अहिले स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाए ।


दुर्घटनापछि आक्रोशित बनेका स्थानीयबासीले जिल्लामा पछिल्लो समय टिपर आतङ्क अचाक्ली बढेको गुनासो गरेका छन् । वर्षायाम सु भएसँगै नदीजन्य पदार्थ उत्खननमा रोक लागे पनि यस क्षेत्रमा मापदण्ड विपरीत सञ्चालित अवैध क्रसर उद्योगहरूले पहिले नै भण्डारण गरी राखेको ढुङ्गा, गिटी र बालुवा ओसारपसार गर्न तीव्र गतिमा टिपरहरू कुदाउने गरेको स्थानीयको भनाइ छ ।

जिल्लामा सडक क्षमता र फितलो ट्राफिक व्यवस्थापनका कारण तीव्र गति र लापरवाहीका साथ गुड्ने यस्ता मालवाहक सवारीले सर्वसाधारणको ज्यान जोखिममा पारेको भन्दै स्थानीयले प्रशासनविद्ध चर्को असन्तुष्टि पोखेका छन् । रौतहटमा मात्रै पछिल्लो ९ दिनभित्र टिपरकै ठक्करबाट दुई जनाले ज्यान गुमाइसकेका छन्, जसले सडक सुरक्षामाथि गम्भीर प्रश्न खडा गरेको छ । घटनालगत्तै पुगेको प्रहरी टोलीले दोषी टिपर चालक र सवारी साधनलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल पठाइएको छ भने घटनाबारे थप कानुनी अनुसन्धान तथा सवारी ज्यान मुद्दा सम्बन्धी प्रक्रिया अगाडि बढाइएको छ ।

# १०८ विद्यार्थीमा दृष्टिदोष

***शु. आ. सम्बाददाता***
***रौतहट, ०२ असार***



गौर आँखा अस्पतालद्वारा सञ्चालन गरिएको विद्यालय लक्षित नमूना महाअभियान अन्तर्गत आई.बी.ए. स्कुल गौरमा पाँच दिने विशेष आँखा परीक्षण तथा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । शिविरमा परीक्षण गरिएका १ हजार २ सय ७३ विद्यार्थीमध्ये १ सय ९ जनामा दृष्टिदोष तथा १ जनामा मोतिविन्दु फेला परेको अस्पतालले जनाएको छ ।

अस्पतालका अनुसार विद्यालयका कुल १ हजार ५ सय २१ विद्यार्थीमध्ये अधिकांशले शिविरमार्फत आँखा परीक्षण गराएका थिए । परीक्षणका क्रममा बालबालिकामा सामान्यदेखि जटिल प्रकारका आँखा समस्या देखिन थालेको भन्दै अस्पतालले चिन्ता व्यक्त गरेको छ ।

कार्यक्रमका क्रममा विद्यार्थी, शिक्षक तथा अभिभावक गरी १ हजार ४ सय ८६ जनालाई आँखा स्वास्थ्य, सुरक्षा र नियमित परीक्षणको महत्वबारे परामर्श तथा जनचेतना प्रदान गरिएको थियो । दृष्टिदोष फेला परेका विद्यार्थीमध्ये ७२ जनालाई निःशुल्क चश्मा वितरण गरिएको छ भने बाँकीलाई आगामी शुक्रबार थप उपचारसहित चश्मा उपलब्ध गराइने कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेले जानकारी दिए ।

अस्पतालले मोबाइल, ट्याब्लेट र कम्प्युटरको अत्यधिक प्रयोग, पौष्टिक आहारको कमी तथा नियमित आँखा परीक्षण नगर्ने बानीका कारण बालबालिकामा आँखाको समस्या बढ्दै गएको जनाएको छ । समयमै सुधार नगरिए आगामी दशकमा यस्तो समस्या ५० प्रतिशतसम्म पुग्न सक्ने अस्पतालको चेतावनी छ ।

यसैबीच, नमूना महाअभियानको निरन्तरतास्वरूप आगामी असार ७ गते माधवनारायण नगरपालिका-स्थित मावि माधोपुरमा ज्येष्ठ नागरिक लक्षित निःशुल्क बृहत् आँखा शिविर आयोजना गरिने भएको छ । हिन्दू सम्राट सेना नेपाल रौतहट तथा माधवनारायण नगरपालिकाको सहकार्यमा सञ्चालन हुने शिविरमा विशेषज्ञ चिकित्सकद्वारा परीक्षण तथा उपचार सेवा प्रदान गरिने जनाइएको छ ।

विगत २९ वर्षदेखि सेवा दिँदै आएको गौर आँखा अस्पतालले हालसम्म नेपाल र भारतका गरी १७ लाख ८० हजारभन्दा बढी सेवाग्राहीलाई उपचार सेवा दिएको जनाएको छ । अस्पताल प्रशासनका अनुसार हालसम्म १ लाख ९१ हजारभन्दा बढी बिरामीको सफल आँखा शल्यक्रिया सम्पन्न भइसकेको छ ।

# वडा अध्यक्ष जमालुदिनको सक्रियतामा गुजरा-५ मा बिकास निर्माणको गति

***रूपेश यादव***
***रौतहट, ०२ असार***



रौतहटको गुजरा नगरपालिका-५ मा वडा अध्यक्ष शेख जमालुदिनको सक्रिय पहलमा विकास निर्माणका कामले तीव्रता पाएको छ । वडामा सडक ढलान तथा नाला निर्माणलाई प्राथमिकतामा राख्दै पूर्वाधार सुदृढीकरणका विभिन्न योजना कार्यान्वयन भइरहेका छन् ।

वडा अध्यक्ष जमालुदिनका अनुसार हरिहरपुर टोलमा ९ लाख रुपैयाँको लागतमा १०७ मिटर सडक ढलान निर्माण कार्य भइरहेको छ । स्थानीयवासीको लामो समयदेखिको माग सम्बोधन गर्दै सुरु गरिएको उक्त योजनाले आवतजावत सहज हुने अपेक्षा गरिएको छ ।

त्यसैगरी लक्ष्मीपुर क्षेत्रमा पनि ९ लाख रुपैयाँ लागतमा १०७ मिटर सडक ढलान निर्माण कार्य जारी रहेको उनले जानकारी दिए । सडक स्तरोन्नतिसँगै वर्षायाममा हुने हिलो तथा आवागमन समस्या समाधान हुने विश्वास स्थानीयले गरेका छन् ।

यस्तै इस्लामपुर क्षेत्रमा दुईवटा योजना सञ्चालनमा रहेका छन् । एक स्थानमा ४ लाख रुपैयाँ लागतमा सडक ढलान निर्माण भइरहेको छ भने अर्को स्थानमा ९ लाख रुपैयाँको लागतमा नाला तथा

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा